" कृषि, पर्यटन र पुर्वाधार, समृद्ध मिक्लाजुङको आधार "

स्थानीय सरकार

मिक्लाजुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रवि, पाँचथर

कोशी प्रदेश, (नेपाल)

पत्र संख्या: २०८२/०८३

मिति : २०८२/०५/०३

सूचना नं.

ने.सं. ११४५ गुंलागा ११ मंगलबार

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०५/०३)**

यस मिक्लाजुङ गाउँ कार्यपालिका कार्यालयको देहाय पदहरुको सेवा करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ (पन्ध्र) दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित गुगल सिट फाराम (Google Sheet Form) भरी प्रविष्टि आवेदन दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या | आवेदन दस्तुर | सेवा अवधि |
|---|---|---|---|---|---|---|
| १. | १/२०८२/०८३ | जनस्वास्थ्य अधिकृत | अधिकृत सातौं | १ (एक) | रू १०००/- | कार्यक्रममा आधारित/ आवश्यकता अनुसार |
| २. | २/२०८२/०८३ | एम.आइ.एस. अपरेटर | पाँचौं | १ (एक) | रू ७००/- | कार्यक्रममा आधारित/ आवश्यकता अनुसार |
| ३. | ३/२०८२/०८३ | वैद्य | चौथों | १ (एक) | रू ५००/- | कार्यक्रममा आधारित/ आवश्यकता अनुसार |

## १. आवश्यक न्यूनतम योग्यता र अनुभवः-

| | |
|---|---|
| जनस्वास्थ्य अधिकृतः- | १. मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा कम्तिमा स्नातक तह योग्यता हासिल गरेको तथा सम्बन्धित काउन्सिलमा दर्ता तथा नविकरण भएको,<br>२. २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको, |
| एम.आइ.एस. अपरेटरः- | ३. मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रमाणपत्र तहमा कम्प्युटर विषय लिई उत्तीर्ण गरेको वा कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरी ६ महिना कम्प्युटर सम्बन्धी तालिम प्राप्त गरेको,<br>४. देहाय बमोजिम ज्ञान र सीप भएको<br>- देवनागरी लिपिमा युनिकोड र अंग्रेजी दक्षतापूर्वक टाइपिङ गर्न सक्ने,<br>- MS-Office Package (Word, Excel, Access, Power Point etc.)को प्रयोग गर्न सक्ने क्षमता भएको,<br>-कम्प्युटर मर्मत सम्भार सम्बन्धी सामान्य ज्ञान भएको,<br>- व्यवस्थापन सूचना प्रणाली (एम.आइ.एस. सम्बन्धी आधारभूत ज्ञान भएको)<br>५. १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको, |
| वैद्यः- | १. १८ वर्ष पुरा भई ६० वर्ष ननाघेको,<br>२. मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा AAHW वा सो सरहको अध्ययन गरी आयुर्वेद चिकित्सा परिषदमा दर्ता तथा नविकरण भएको, |

सन्तोष श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

२. **दरखास्त दिने स्थानः-** मिक्लाजुङ गाउँकार्यपालिकाको कार्यालय, रवि पाँचथर। वा गुगलसिट फारामबाट

३. **दरखास्त दिने अन्तिम मितिः-** २०८२ साल भदौ १७ गते मंगलबार कार्यालय समय भित्र।

४. **दरखास्त दस्तुर तथा भुक्तानी माध्यमः** गाउँपालिकाको **कृषि बिकास बैंक, रविको ग १.१ आन्तरिक राजश्व खाता MIKLAJUNG RURAL MUNICIPALITY GA 1.1 INTERNAL REVEN**(खाता नं. **0625101395925112**)को राजस्व शिर्षक नं.१४२२४ मा तोकिएको दरखास्त दस्तुर भुक्तानी भौचर वा Local Revenue-LLRP Mobile Application डाउनलोड गरी सो **एप्सबाट** व्यक्तिगत युजर बनाइ मिक्लाजुङ गाउँपालिका, पाँचथरको राजस्व पोर्टल भित्रको राजस्व शिर्षक नं.१४२२४ बाट तोकिएको राजस्व भुक्तानी भौचर कपी अपलोड गरी प्रविष्टि गर्न सकिनेछ।

५. **छनौटको किसिमः-** संक्षिप्त सूची प्रकाशन/ कम्प्युटर सिप परीक्षण/ लिखित र अन्तरवार्ता

६. **आवेदन साथ संलग्न कागजातहरुः-** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजतको प्रतिलिपिहरुः-

क) नेपाली नागरिकता

ख) न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र, चारित्रिक प्रमाण पत्र

ग) तालिमको प्रमाण पत्र

घ) अनुभव भएको भए सोको कागजात

ङ) आवेदन फाराम

७. **सेवा सुविधा तथा अन्यः-**

**जनस्वास्थ्य अधिकृतः-** स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम बमोजिम हुनेछ।

**एम.आइ.एस. अपरेटरको हकमाः** सेवा इकाइको लागि जनशक्ति छनौट सम्बन्धी मापदण्ड, २०७६ बमोजिम हुनेछ। (आवेदनको ढाँचा र एम.आइ.एस. अपरेटर पदको कार्यविवरण, पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य विस्तृत जानकारी राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग तथा गाउँपालिकाको वेवसाइटबाट उपलब्ध हुनेछ।)

**वैद्यः-** नागरिक आरोग्य कार्यक्रम सञ्चालन निर्देशिका, २०७६ बमोजिम हुनेछ।

८. **परीक्षा तालिकाः-** प्रारम्भिक सूची प्रकाशन मिति २०८२ साल भदौ १८ गते

दोस्रो चरणको परीक्षा मिति २०८२ साल भदौ २० गते शुक्रबार बिहान १० बजे

**जनस्वास्थ्य अधिकृत** पदको हकमा लिखित परीक्षा तथा अन्तर्वाता

**एम.आइ.एस. अपरेटर** पदको हकमा **कम्प्युटर सीप परीक्षण र अन्तरवार्ता**

**वैद्य (अभियानकर्ता)** पदको हकमा **लिखित परीक्षा र अन्तरवार्ता**

९. पाठ्यक्रमः- सम्बन्धित विषयवस्तुसँग सम्बन्धित।

१०. **आवेदन फाराम भर्ने लिंकः-** https://forms.gle/GpFSkKLY८JkRaZXA७ मा गई प्रविष्टी गर्न सकिनेछ साथै मिक्लाजुङ गाउँपालिकाको वेभसाइट www.miklajungmunpanchthar.gov.np बाट आवेदन फाराम डाउनलोड गरी फर्म भरी गुगल सिट फाराममा प्रविष्टि गर्नसक्नुहुनेछ।

११. विस्तृत जानकारीको लागि सम्पर्क नम्बर ९८५२६८४८२८/ ९७४४३२०००२ मा सम्पर्क गरी जानकारी लिन सक्नुहुनेछ।

२०८२/०५/०३

.................

सन्तोष श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत